बैठक संख्याः३
समयः दिउँसो १:०० बजे
मितिः २०८२/०७/११ गते
ने सः ११४६ पोहेलागा ९ मंगलबार
आ.व.२०८२/०८३

आज मिति २०८२ साल कार्तिक महिनाको ११ गते मंगलबारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष **श्री भिम बहादुर भण्डारीको** अध्यक्षतामा तपसिल बमोजिमका कार्य पालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

<u>उपस्थितिः</u>

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम वहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमवहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरवहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषवहादुर सिजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर वुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर वहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री टिका वि.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री जगत सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | भुपेन्द्र भण्डारी | वरिष्ठ लेखा अधिकृत | |
| २ | राजिमान वुढा | प्रशासन शाखा प्रमुख | |
| ३ | तुल बहादुर भण्डारी | कार्यालय सहयोगी | |

प्रस्तावहरु।

१. अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।

२. योजना सम्झौता शिवर संचालन गर्ने सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको यस अघिका बैठकले गरेका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यलयबाट हालसम्म भएका काम कारवाहीको समिक्षा गरियो । अधिकांश निर्णयबमोजिमका काम कारवाही भएको र केही निर्णय बमोजिम बाँकी रहेका काम कारबाही यथाशिघ्र सम्पन्न गर्न गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय र सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा बराहताल गाउँपालिकाबाट आ व २०८२।०८३ मा कार्यान्वयन हुने योजनाहरुको सम्झौता वडा स्तरमै गर्ने र सोही कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारीहरुको अभिमुखीकरण कार्यक्रम समेत संचालन गर्ने निर्णय गरियो । यसका लागि लागत अनुमान तयारी देखी सम्झौता सम्मको सबै क्रियाकलापको पूर्व तयारी गर्न सबै वडा तथा गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।